# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............कर्मचारी प्रशासन......... शाखा)

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- १५५०

रामशाहपथ, काठमाडौं

मिति :- २०८२/११/०५

ने.सं. ११४६ सिल्लागाः १५

विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धी परिपत्र।

श्री उच्च सरकारी वकील कार्यालय(सबै)

श्री विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ।

श्री जिल्ला सरकारी वकील कार्यालय(सबै)

उपर्युक्त सम्बन्धमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना(२०८१/०८२-२०८५/०८६) बमोजिम गठित अनुसन्धान समन्वय संयन्त्रको मिति २०८२/१०/२७ को बैठकले देहाय अनुसार निर्णय गरि सो अनुसार गर्न सम्बन्धित सरकारी वकील कार्यालयलाई निर्देशन/परिपत्र गर्न लेखी आएकोले सो निर्णय कार्यान्वयन गर्नु हुन परिपत्र गरिएको छ।

देहायः

१. कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधनको रोक्का/जफत /नियन्त्रण सम्बन्धमा कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत ऐन, २०७० अनुसार समेत मागदावी लिने।

२. सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अनुसार सम्बद्ध कसूरको अनुसन्धान गर्दा सम्पत्ति शुद्धीकरण गरेको सम्बन्धमा समेत समानान्तर रुपमा अनुसन्धान गर्ने। यसरी अनुसन्धान गर्दा उच्च जोखिमयुक्त सम्बद्ध कसूर (High Risk Predicate Offense) अन्तर्गत पर्ने विषयलाई आधार बनाउने। उच्च जोखिमयुक्त सम्बद्ध कसूरलाई कसूरको बिगो, कसूरबाट प्राप्त गरेको सम्पत्ति र साधनको परिमाण र प्रकृति, कसूरबाट वित्तीय तथा आर्थिक क्षेत्रमा परेको असर, कसूरको गम्भीरता र आर्थिक लाभको परिमाण जस्ता विषयलाई मानक (Indicator) को रुपमा हेर्ने।

३. सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अभियोजन भएकोमा सोको जानकारी प्रत्येक महिनाको सात (७) गते भित्र महान्यायाधिवक्ताको कार्यालयमा रहेको सम्पत्ति शुद्धीकरण निवारण ईकाईमा पठाउने।

११.०५

(विश्वास तिमिल्सिना)

सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np